# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनवारी, झापा
## १ नं. प्रदेश, नेपाल

पहिलो प्रकाशित मितिः २०७७/१०/१६

*विषयः सटर भाडा लगाउने सम्बन्धी सूचना ।*

यस कनकाई नगरपालिका वडा नं. ७, दुर्गापुर बजारमा रहेको व्यापारीक भवन भाडामा लगाउन मिति २०७७/०९/२३ को वडा समितिको सिफारिस तथा मिति २०७७/१०/०९ को राजश्व परामर्श समितिको निर्णय बमोजिम तपशिलका १४ वटा व्यापारिक सटरहरु भाडामा लगाउनु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म, संघसंस्थाले तपशिलको शर्तको अधिनमा रहि मिति २०७७/१०/१६ देखि मिति २०७७/१०/३० गतेसम्म कार्यालय समय भित्र रु. १००० अक्षरेपि एक हजार (फिर्ता नहुने) तिरि फारम खरिद गर्न सकिनेछ । खरिद गरिएको फारम तोकिएको ढाँचामा भरि १६ औं गते दिनको १२ बजे भित्र शिलबन्दि गरि यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ । सो दिन सार्वजनिक विदा पर्न गएमा विदा लगत्तै कार्यालय खुलेको दिनको २ बजे रित पूर्वक खोलिनेछ ।

**शर्तहरु**

१. कोठा भाडा लिन चाहने व्यक्ति फर्म वा संघ संस्थाले प्रति महिना अगाडीको सटरको मासिक भाडा प्रति सटर न्यूनतम रु.३५०० अक्षरेपि तिन हजार पाँच सय र प्रति सटरको न्यूनतम धरौटी रु. २,००,०००/- अक्षरेपि रुपैया दुई लाख हुनेछ । पछाडी तर्फको सटरको मासिक भाडा न्यूनतम रु. २५०० अक्षरेपि दुई हजार पाँच सय र प्रति सटरको न्यूनतम धरौटी रु. १,५०,०००/- अक्षरेपि रुपैया एक लाख पचास हजार हुनेछ । व्यापारिक सटरहरु पूर्ण रुपमा निर्माण भई संचालनको लागि तयार भए पश्चात मात्र संझौता गरि उल्लेखित दरको मासिक भाडा रकम लिईनेछ ।कबोल गर्ने व्यवसायीले धरौटी वापतको रकम प्रस्ताव स्वीकृत भएको ३ दिनभित्रमा जम्मा गर्नुपर्नेछ । निर्धारण गरिएको मासिक भाडा र धरौटी रकम भन्दा बढी कबोल गर्ने व्यक्ति फर्म वा संघसंस्थाले शिलबन्दी गरेको फारमलाई प्राथमिकता दिईनेछ । बढी भाडा कबोल भई आएको आधारमा कोठाको संख्या ध्यानमा राखी क्रमश कोठा उपलब्ध गराईनेछ ।

**कोठाका विवरणहरु**

| सि.नं. | कोठाको विवरण | संख्या | कोठाको लम्बाई/ चौडाई | मासिक भाडा दर | प्रति सटर धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सटर अगाडीको | ८ वटा | ११x१२ फिट | ३५०० | २,००,०००/- | पूर्व तर्फको सटर |
| २ | सटर पछाडीको | ६ वटा | ११x१२ फिट | २५०० | १,५०,०००/- | पश्चिम तर्फको सटर |

२. तपशिल बमोजिमको व्यावसायलाई मात्र सटर भाडामा उपलब्ध गराईनेछ ।

क) कस्मेटिक, कपडा, औषधी, ईलेक्ट्रोनिक्स, भाँडाकुडा, कार्यलय प्रयोजन, भेटेरीनरी, ब्यूटीपार्लर, किराना पसल, (होटल व्यावसाय बाहेक) अन्यलाई सटर उपलब्ध गराईनेछ ।

ख) वडा भित्र रहेका आफ्नै घरबाट व्यावसाय संचालन गरि रहेका व्यावसायीलाई सटर उपलब्ध गराईने छैन ।

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

ग) वडा तथा नगरबासी, पुराना व्यावसायीलाई पहिलो प्राथमिकता दिई सटर उपलब्ध गराईनेछ ।

घ) १ व्यावसायी १ सटरको रुपमा उपलब्ध गराईनेछ ।

३. सटर भाडामा लिन ईच्छुक व्यक्ति, फर्म, संघसंस्थाले धरौटी वापतको रकम यस कनकाई नगरपालिकाको नेपाल बैंक सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३००००००००१ मा नगद जम्मा गरि सक्कल बैंक भौचर सहित फारम भर्नु पर्नेछ ।

४. फारमका साथमा निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाकपि र फर्म संघसंस्थाले संघसंस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणको छाँया कपि, करचुक्ता प्रमाणपत्रको छाँया कपि पेश गर्नु पर्नेछ ।

५. नेपाल सरकार नगरपालिका वा अन्य संघ संस्थालाई बहालकर लगायत दस्तुर बुझाउनु परेमा सटर भाडावालाले बुझाउनु पर्नेछ ।

६. सटर भाडा उपभोग गर्दाको अवस्थामा जडान गरिएका बिजुली, धारा, टेलिफोन वा अन्य वापतको महसुल सटरवालाले नै बुझाउनु पर्नेछ ।

७. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

मोहनप्रसाद च्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय जामुनवारी झापा ।      फारम न.

दुर्गापुर बजार व्यवसायिक भवनको ठेक्का      (आ.व २०७७७८)

| सि.नं | न.पा बाट राखीएको न्युनत्म अक. | बोलपत्र दाताले पेश गरेको रकम | | धरौटी रकम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अकंमा | अक्षरमा | अकंमा | अक्षरमा | |
| १ | सटर अगाडिको मासिक ३५०० | | | | | |
| २ | सटर पछाडिको मासिक २५०० | | | | | |

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा
१ नं. प्रदेश, नेपाल

प्रमाणीत गर्ने

बोलपत्र दाताको नाम ........................................

ठेगाना ........................................................

हस्ताक्षर .....................................

मिति ...................................................

सम्पर्क न. ............................................